# लोकतान्त्रिक आन्दोलनका चुनौतिहरु विषयक अन्तरक्रिया कार्यक्रम

## ०१ फरवरी, २०१०, आई. आई. सी, लोधी रोड, नई दिल्ली

–विद्यादेवी भण्डारी
उपाध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एमाले)

कार्यक्रमका आदरणीय सभाध्यक्ष, मञ्चमा आसीन विशिष्ठ व्यक्तित्व एवं सहभागी साथीहरु,

सर्वप्रथम, म आफ्नो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट हार्दिक अभिवादन गर्दछु ।

नेपाली राजनैतिक इतिहासमा आजका दिनलाई एउटा कालो दिनको रुपमा लिइन्छ । पूर्व राजा ज्ञानेन्द्रले आजको नै दिन ५ वर्ष पहिले लोकतान्त्रिक मूल्य र मान्यताहरुका बरखिलाफ जनताको सार्वभौम एवं लोकतान्त्रिक अधिकारहरुलाई अपहरण गरेर राजतन्त्रात्मक निरंकुश राज्य व्यवस्था लाद्नका लागि भरमग्दुर प्रयास गरेको थियो ।

राजशाहीको यो कदमपछि देश भीषण द्वन्द्व माझ खडा भयो । कथित जनयुद्ध र ज्ञानेन्द्र तानाशाहीको भयावह आक्रमक परिस्थितिका बीच शान्तिकामी नेपाली जनताले एकै साथ उदण्डता, उग्रता र राजशाहीका तमाम हरकतहरुका बिरूद्ध शान्तिपूर्ण जनआन्दोलनको शंखघोष गरे । केही समयान्तरालमा जनताको अजेयशक्तिले सञ्चालित शान्तिपूर्ण जनआन्दोलनमार्फत राजशाहीका दुष्प्रयासहरुलाई नामेट मात्र होइन, परन्तु समाप्त भए, हिंसाप्रेमी माओवादीद्वारा दशकदेखि सञ्चालित सशस्त्र जनयुद्धको औचित्य समाप्त गरेर शान्तिपूर्ण आन्दोलन नै प्रमुख बन्यो । यही आन्दोलनको बलमा लोकतन्त्र बहाल भयो । शदियोंदेखि कायम रहेको राजतन्त्र समाप्त भयो र राजतन्त्रात्मक राज्य व्यवस्थामा बदलाव आयो । अन्तरिम संविधान बन्यो । संविधानसभा निर्वाचन सम्पन्न भयो । निर्वाचित राजनैतिक दलहरुले कमान सम्हाले । विद्यमान द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रिया प्राथमिक मुद्दा बन्यो । जनानुमोदित विधिमार्फत राज्य चल्न लाग्यो । संविधानसभा निर्वाचनद्वारा निर्वाचित सर्वदलीय र सर्वपक्षीय जनप्रतिनिधिका बीच संविधान रचना प्रक्रिया अहिले जारी छ ।

जारी संविधान रचनालाई निर्धारित समय सीमाभित्र अन्तिम रुप दिनु, विभिन्न प्रकारका सामाजिक विभेदहरुलाई अन्त गर्नु, द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु नै हाम्रो लागि आजको सन्दर्भमा प्राथमिक र मूल राजनैतिक मुद्दा हो । राष्ट्रिय राजनीतिमा छाएको विद्यमान संक्रमण, गतिरोध र खासगरी शान्ति प्रक्रियाप्रति प्रतिबद्ध दल बलको व्यवहारिक असहयोगलाई हेर्दा यो एउटा भयावह चुनौति पनि हो ।

यो प्रक्रियामा र यहाँसम्म आइपुग्नमा तपाई सर्वाधिक निकटका छिमेकी मित्र राजनैतिक दल, विभिन्न संघसंस्था, अन्य जिम्मेवार इकाइहरु र साथी भाईको जो सहयोग, सद्भाव र सहिष्णुवत् व्यवहार रह्यो र गरेर पनि देखाउनु भयो, अन्यान्य अन्तरराष्ट्रिय समुदायको पनि गम्भीर ध्यानाकर्षण गराउनमा हामीलाई तपाईको मद्दत मिल्यो, जसको बिना नेपालको आजको जस्तो सार्थक राजनैतिक परिवर्तन सम्भव थिएन, म तपाई सबैलाई धन्यवाद ज्ञापन गर्दछु । र, यस मौकामा म पुनः तपाई सबैलाई हार्दिक अभिनन्दन गर्दछु ।

ऐतिहासिक र स्थायी रूपबाट हेरियो भने नेपाल-भारत दुई देश बीचको सम्बन्ध धेरै नै प्रगाढ छ । सौहार्दपूर्ण छ । परस्परमा निर्भर जनस्तरीय एवं मैत्रीपूर्ण छ । दुइटै पृथक-पृथक सार्वभौम राष्ट्र हुन् । हामीबीचमा केही परम्परागत साँस्कृतिक एवं सामाजिक मान्यताहरुमा एकरुपता निश्चित रुपमा छन् । कैयौं प्रकारका एकरुपताहरु हुँदाहुँदै पनि अलग-अलग इतिहासकालिन पहचानका स्वाधीन र स्वतन्त्र राष्ट्रका हामी स्वलम्बन नागरिक हौं । यही एउटा कारण हो कि हामीबीचको सम्बन्ध अन्यान्य देशहरुभन्दा तुलनात्मक रुपमा सर्वाधिक भिन्न छ । भिन्न हुँदाहुँदै पनि अभिन्न छ । र कसैको तुलनामा

महत्वपूर्ण एवं विशेष छ । दुइटै देशका जनताले आफ्नो आफ्नो प्रगति र समृद्धिका लागि एक आपसी र परस्परमा निर्भर सहयोगी भूमिका निभाएको छ ।

लोकतन्त्र एवं सामाजिक न्यायको लामो लडाईका बीचमा राजनैतिक अथवा अन्यान्य नामधारी समूह, उच्छृंखल एवं उग्रतत्व पैदा हुन्छन्, र केवल आफ्नो नीहित स्वार्थका लागि दुइटै देशको यस्तो ऐतिहासिक मित्रतालाई तोडने दुष्प्रयत्न गर्छन्, र समय-समयमा गर्दै आएका छन्, यस्तो हुँदै आएको पनि छ । विराट भूमि र विशाल जनसंख्या लिएर दुई बडा छिमेकी देशका बीचमा हामी अवस्थित छौं । यी केही तत्व यस अवस्थाको पनि गलत प्रयोग गरेर एकापसमा मनमुटाव बढाउने र कटुता पैदा गर्ने निष्फल प्रयास गर्दै आएका छन् । यसबाट हामीलाई आज पनि उत्तिनै सावधान, सजग र सचेत हुनुपर्छ, जतिकि हामी परस्पर सुरक्षाको कुरा बात गर्दछौं ।

नेपाल-भारत बीचको सम्बन्धले दक्षिण एशियामा नै बडा ठूलो अर्थ रख्दछ । एशिया, जहाँ विश्वमा नयाँ शक्तिको रुपमा उभ्रदै आइरहेको छ । हामी सबैका लागि यो गर्वको विषय हो । हामी सबैले मिलेर यसलाई अरु थप बल लगाउनु पर्दछ । यसका लागि दक्षिण एशियाको सन्दर्भमा तपाई हामी नै अग्राधिकारी हौं । यही पृष्ठभूमिलाई ध्यानमा राख्दा पुरा एशियामा हाम्रो आपसी प्रगाढ जनसम्बन्ध र भाइचारालाई अरु अगाडि बढाउनु पर्दछ तथा परस्पर सद्भाव, सम्मान र सहयोगी भावबाट सिर्जनात्मक विकासतर्फ गति दिनुपर्छ ।

जनसहयोग, जनसेवा, जनलाभ, जनस्वास्थ्य, जनपर्यावरण आदि नाममा क्रियाशील संघ संस्थाहरुलाई जनआधारित र जनसरोकारित क्षेत्रतर्फ ध्यानाकर्षण गराउनु पर्दछ । आधारभूत प्रकृतिका कामको पहचान, आधारभूत ढंगबाट नै यस कामको उठान र कुशल सम्पादन गराउन प्रेरित गर्नुपर्छ । आत्मनिर्भरमुखी जनसहभागिता र जन श्रमदानलाई पनि प्रेरित गर्नु गराउनु पर्दछ । यसबाट मात्र लक्ष्यित वर्गको हित र उत्थान गर्न सम्भव छ । यसका लागि हामी स्वयंलाई अग्रसर भएर पहल लिनुपर्छ । परिवर्तित आजको सन्दर्भमा एउटा नयाँ ढंगले जन-जनदेखि जन-जनमा एउटा सन्तुलित र सुमधुर सम्बन्ध स्थापित गर्नुपर्छ ।

हरेक देशको सार्वभौमिकता एवं स्वतन्त्रताको रक्षा एवं सम्मान, मानवीय मूल्य-मान्यताहरुको सम्मान र परस्पर सहयोगबाट नै हामी अगाडि बढ्न सक्छौं । समय परिवर्तनसँगै विश्वमा धेरै नयाँ किसिमका चुनौतिहरु उभ्रदै आइरहेका छन् । आतंकबाद, उग्रपन्थता, सामाजिक असुरक्षा, असन्तुलित अर्थतन्त्र, पर्यावरणीय सुरक्षा आदि आजका सन्दर्भमा मुख्य चुनौतिहरु हुन् । यसबाट निक्लनु हामी सबैको समान जिम्मेवारी हो । सम्मानपूर्ण भागीदारी हो । यसबाट नै दक्षिण एशियाभित्रका मुलुकहरुमा लोकतन्त्र सुनिश्चित हुनसक्छ । लोकतान्त्रिक राज्य व्यवस्था शत प्रतिशत जनभावनाहरुबाट मुखरित हुनसक्छ । मानव अधिकार र यसका कैयौं क्षेत्राधिकार, सामाजिक सुरक्षा, सीमा सुरक्षा, परस्पर मित्रता र प्रगाढ बन्न सक्छ । यसैमा हामी सबैको कल्याण छ । धन्यवाद !

दिनाङ्क : ०१ फरवरी, २०१०, दिल्ली